# खाद्य व्यवस्था तथा व्यापार कम्पनी लि.

## प्रादेशिक कार्यालय, विराटनगर

# धान कुटानी सम्बन्धी गोप्य शिलबन्दी दरभाउपत्र आह्वानको सूचना

प्रकाशित मिति : २०७७/९/१२ गते

यस कार्यालयले खरिद गरेको र गर्दै जाने करिब ५००० क्वी. रंजित धान कुटानी गर्नुपर्ने भएकोले स्थायी लेखा नं. वा मूल्य अभिबृद्धि करमा दर्ता भएका इच्छुक मिल (फर्म/कम्पनी) बाट तपसिल बमोजिमका शर्तहरुको अधिनमा रही रीतपूर्वक गोप्य शिलबन्दी दरभाउपत्र आह्वान गरिएको छ।

तपसिल

१) कम्पनीको खरिद विभाग प्रधान कार्यालय काठमाडौं वा यस कार्यालयबाट फिर्ता नहुने गरी रु १०००/- रकम दाखिला गरी दरभाउपत्र फारम र सो सम्बन्धी कागजात सेट खरिद गर्न सकिने छ। धरौटी बापत रु७५,०००/- नगद वा 'क' वर्गको बैंक (वाणिज्य बैंक) बाट जारी भएको जमानत (बीड बोण्ड) राख्नु पर्ने छ।

२) कम्पनीले कुटानी गर्ने धानको किसिम, कुटानी परिमाण, बुझाउनु पर्ने चामल तथा बोराको गुणस्तर, चामल बुझाउनु पर्ने स्थान, धरौटी रकम आदि विवरण दरभाउपत्र फारम र सम्झौतामा तोकिए बमोजिम हुनेछ।

३) कम्पनीको आवश्यकता हेरी कुटानी गरिने धानको परिमाण थपघट हुन सक्नेछ। थपघट भएमा सोही अनुसार कुटानी गर्नु पर्ने छ।

४) धान कुटानी गरिसकेपछि तोकिएको परिमाण चामल कम्पनीले तोकेको गोदाममा बुझाउनुपर्ने छ।

५) दरभाउपत्रदाताले दरभाउपत्र सम्बन्धी जानकारीमा उल्लेख भएको व्यहोरा अध्ययन गरी कुटानी कार्यमा हुने खर्च र आफूलाई प्राप्त हुने उप-पदार्थको आम्दानी रकम हिसाब गरी कुटानी ज्याला तथा कम्पनीबाट बुझिलिएको धानको प्रतिलब्धी (रिकभरी) चामल कबोल गर्नुपर्ने छ। दरभाउपत्र कागजातमा उल्लेख भएको अधिकतम कुटानी ज्यालामा नबढ्ने गरी र न्युनतम प्रतिलब्धी प्रतिशतमा नघट्ने गरी चामल दिन कबुल गर्नु पर्ने छ।

६) यो सूचना प्रकाशित भएको मितिले १५ दिन अर्थात मिति २०७७/९/२६ गतेसम्म दरभाउपत्र खरिद गरी दरभाउदाता वा निजको आधिकारिक प्रतिनिधिले रितपूर्वक सही छाप तथा शिलबन्दी गरी १६औं दिन अर्थात मिति २०७७/९/२७ गते दिउसो १२:०० बजेभित्र यस कार्यालयमा पेश गर्न सकिने छ। समय नाघी आएको दरभाउपत्र स्वीकार गरिने छैन। पेश हुन आएका दरभाउपत्र सोही दिन दिउसो २:०० बजे यस कार्यालयमा खोलिने छ।

७) दरभाउपत्र स्वीकृत भएको जानकारी पाएको ७ दिनभित्र नियमानुसार कार्य सम्पादन जमानत तथा आवश्यकता अनुसार थप कार्य सम्पादन (धितो) जमानत समेत पेश गरी सम्झौता गर्नुपर्ने छ। निर्धारित समय भित्र सम्झौता गर्न नआएमा धरौटी रकम जफत हुनेछ।

८) दरभाउपत्रको मान्य हुने अवधी दरभाउपत्र पेश गर्ने अन्तिम मितिले ४५ दिनको हुनेछ। दरभाउपत्र आंशिक वा पूर्ण रुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार कम्पनी तथा प्राथमिक खरिद समितिमा सुरक्षित रहनेछ। यस सम्बन्धी अन्य शर्तहरु दरभाउपत्र कागजात र सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ।

खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड

प्रादेशिक कार्यालय विराटनगर, फोन : ०२१-४६०२३३